नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
थापाथली, काठमाडौं

त्रैमासिक

# तथ्याङ्क गतिविधि

# Quarterly Statistical Bulletin

वर्ष - ४५
Year – 45

पूर्णाङ्क - १२३
Volume – 123

अङ्क : १ (श्रावण-आश्विन)
No. : 1 (Shrawan-Ashwin)



## सम्पादकीय

### तथ्याङ्क ऐन, २०७९ को सफल कार्यान्वयन आजको आवश्यकता

तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरणलाई विश्वसनीय, व्यवस्थित र समय सापेक्ष बनाई संघ, प्रदेश र स्थानीय तहको नीति निर्माण, नीति कार्यान्वयन, स्रोत व्यवस्थापन र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन तथ्याङ्कसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न आवश्यक देखिएकाले संघीय संसदले तथ्याङ्क ऐन, २०७९ बनाएको छ र राष्ट्रपतिबाट प्रमाणीकरण भई २०७९ असोज २८ देखि यो ऐन कार्यान्वयनमा आएको छ । ऐनले राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना गर्ने, संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले आफूलाई आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न सक्ने, विभिन्न सार्वजनिक तथा अन्य निकायले गर्ने तथ्याङ्कसम्बन्धी क्रियाकलापलाई व्यवस्थित गर्ने, प्रशासनिक अभिलेखहरूको उच्चतम प्रयोग गरी आधिकारिक तथ्याङ्क उत्पादन गर्ने जस्ता कुरामा विशेष जोड दिएको छ। यस ऐनले साबिक केन्द्रीय तथ्याङ्क विभागको स्तरोन्नति समेत गरेको छ। तथ्याङ्क ऐन, २०१५ लाई प्रतिस्थापन गरी ल्याइएको यो ऐन संघीय शासन व्यवस्था बमोजिम समयानुकुल छ । मुलुकमा आधिकारिक तथ्याङ्कको बढ्दो माग र आवश्यकतालाई पूरा गर्न यो ऐन फलदायी साबित हुने विश्वास गरिएको छ। ऐनको कार्यान्वयनमा तीनै तहका सरकार, तथ्याङ्क क्रियाकलापमा संलग्न सरकारी निकायहरू, अन्य तथ्याङ्क उत्पादक, तथ्याङ्क प्रयोगकर्ता, उत्तरदाता र अन्य सबैको विशेष भूमिका र महत्त्व रहेको छ । गुणस्तरीय र विश्वसनीय तथ्याङ्क समयमै तयार गरी प्रयोगकर्ताहरू समक्ष ल्याउने कार्य निकै चुनौतीपूर्ण रहेको छ र यो सबै पक्षको सहयोगबिना सम्भव छैन । तथ्याङ्क ऐन, २०७९ ले लिएको उद्देश्यलाई पूरा गर्न राष्ट्रिय तथ्याङ्क प्रणालीका सबै पक्षहरूको सहकार्य र समन्वयको आवश्यकता छ । तथ्याङ्क ऐन, २०७९ को सफल कार्यान्वयन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तथ्याङ्कको मागलाई पूरा गर्नेतर्फ हामी सबै एकजुट भई लाग्नु आजको आवश्यकता हो ।

## विषय सूची


- आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न भएका मुख्य मुख्य कार्यक्रमहरू २
  – राष्ट्रिय जनगणना २०७८ को स्थलगत लगत संकलन कार्य सम्पन्न २
  – राष्ट्रिय जनगणना २०७८ को समीक्षा कार्यक्रम सम्पन्न २
  – प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ को प्रक्रियात्मक दस्तावेज (Procedural History) तयारी कार्यक्रम २
  – राष्ट्रिय आर्थिक गणना २०७५ को नतिजा तथा विश्लेषण कार्यक्रम ३
  – प्रदेश तथा स्थानीय तहका लागि तथ्याङ्कीय साक्षरता सम्बन्धी कार्यशाला ३
  – फोहरमैला व्यवस्थापन सर्वेक्षण २०७६ को नतिजा सार्वजनिकीरण कार्यक्रम ४
  – जलवायु परिवर्तन प्रभाव सर्वेक्षण २०७९ को प्रश्नावली तर्जुमा कार्यशाला सम्पन्न ४
  – राष्ट्रिय जनगणनाको कोडिङ तथा ईडिटिङ्ग कार्य सम्पन्न ५
  – राष्ट्रिय लेखा तथ्याङ्क सरोकारवालाहरूसँगको अन्तरक्रिया कार्यक्रम ६
  – राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६ को राष्ट्रिय प्रतिवेदन सार्वजनिकीकरण ६
- आर्थिक वर्ष २०७८/ ७९ को राष्ट्रिय लेखा तथ्याङ्क सम्बन्धी जानकारी ७
- राष्ट्रिय कृषिगणना २०७८ सम्बन्धी जानकारी ८
- राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को नतिजाको सारांश ९


**सम्पादक मण्डल**

श्री मनोहर घिमिरे, निर्देशक : संयोजक
श्री राजन सिलवाल, निर्देशक : सदस्य
श्री ऋषिराम सिग्देल, निर्देशक : सदस्य
श्री कपिलदेव जोशी, तथ्याङ्क अधिकृत : सदस्य सचिव

**सल्लाहकार**

श्री नेविनलाल श्रेष्ठ, सहसचिव
डा. हेमराज रेग्मी, सहसचिव
श्री डिल्लीराज जोशी, सहसचिव
श्री मुन्नीकुमारी चौधरी, सहसचिव

प्रकाशन प्रति : १००० 

## तथ्याङ्क ऐन, २०७९ राष्ट्रपतिबाट प्रमाणीकरण भई लागु

संघीय संसदबाट पारित भएको तथ्याङ्क ऐन, २०७९ सम्माननीय राष्ट्रपतिज्यूबाट २०७९ भाद्र २८ गते प्रमाणीकरण गरियो ऐनको व्यवस्थाअनुसार २०७९ असोज २७ देखि तथ्याङ्क ऐन, २०७९ कार्यान्वयनमा आएको छ । यसभन्दा पहिले तथ्याङ्क ऐन, २०१५ कार्यान्वयनमा रहेको थियो ।

## राष्ट्रिय तथ्याङ्क कार्यालयको स्थापना

तथ्याङ्क ऐन, २०७९ कार्यान्वयनमा आएसँगै साविकको केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय तथ्याङ्क कार्यालयमा परिणत भएको छ साबिकमा केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय योजना आयोग मातहत रहेकोमा अब उपरान्त राष्ट्रिय तथ्याङ्क कार्यालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत रहने छ । ऐनअनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुखको रूपमा संघीय निजामती सेवाको विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था छ ।

# आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न भएका मुख्य मुख्य कार्यक्रमहरू

## राष्ट्रिय जनगणना २०७८ को स्थलगत लगत संकलन कार्य सम्पन्न

बाह्रौं राष्ट्रिय जनगणना २०७८ को पूर्वनिर्धारित कार्यतालिका अनुसार जनगणनाको मूल गणना कार्य २०७८ जेठदेखि असार ८ सम्म गर्ने कार्यक्रम थियो । कोभिड १९ को महामारीका कारण तोकिएको समयमा हुन नसकेको मूल गणना कार्य नेपाल सरकारको निर्णयअनुसार देशभरि २०७८ कात्तिक २५ देखि मंसिर ९ गतेसम्म गरियो । पहिलो चरणमा घरपरिवारको सूचीकरण कार्य २०७८ भाद्र २५ देखि असोज १८ सम्म गरिएको थियो । राष्ट्रिय जनगणनाको स्थलगत लगत संकलनमा ८,५४५ जना सुपरिवेक्षक र ३५,६५७ जना गणक परिचालन गरिएका थिए । राष्ट्रिय जनगणनामा पहिलो पटक काठमाडौं जिल्लाका काठमाडौं महानगरपालिका, दक्षिणकाली, कीर्तिपुर, चन्द्रागिरी, नागार्जुन र तारकेश्वर नगरपालिकामा ट्याबलेट प्रयोग गरी गणना कार्य गरिएको थियो ।

## राष्ट्रिय जनगणना २०७८ को समीक्षा कार्यक्रम सम्पन्न

राष्ट्रिय जनगणना २०७८ को समीक्षा कार्यक्रम २०७८ पौष ७ गते काठमाडौंमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. विश्वनाथ पौडेलको प्रमुख आतिथ्यता तथा राष्ट्रिय योजना आयोगका सचिव श्री केवलप्रसाद भण्डारीको अध्यक्षतामा सम्पन्न भयो । कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरू, सहसचिवहरू, केन्द्रीय तथ्याङ्क विभागका महानिर्देशक, उपमहानिर्देशक, निर्देशक, उपसचिव, संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषका प्रतिनिधि, प्रदेश/जिल्ला जनगणना अधिकारीहरू तथा अधिकृतहरूको सहभागीता रहेको थियो । कार्यक्रममा प्रदेश/जिल्ला जनगणना अधिकारीहरूले आफ्नो अनुभव र सिकाइ राख्नुभएको थियो । केन्द्रीय तथ्याङ्क विभागको जनगणना शाखाका निर्देशक श्री ढुण्डीराज लामिछानेले स्वागत मन्तव्य राखेको उक्त कार्यक्रममा विभागका उपमहानिर्देशक डा. हेमराज रेग्मीले जनगणनाका विविध पक्ष समेटिएको प्रस्तुति गर्नु भएको थियो । राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. विश्वनाथ पौडेल, राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फुयाँल र विभागका महानिर्देशक श्री नेबिनललाल श्रेष्ठले कोभिड १९ को महामारीको विषम परिस्थितिमा पनि राष्ट्रिय जनगणना सफलतापूर्वक सम्पन्न गर्न सकेकोमा सम्बद्ध सबैलाई हार्दिक धन्यवाद दिंदै यसको लगत प्रशोधन कार्य शीघ्र सम्पन्न गरी नतिजा प्रकाशन गर्नु पर्ने बताउनु भयो ।

## राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा सार्वजनिक

बाह्रौं राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा २०७८ माघ ११ गते काठमाडौंमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. विश्वनाथ पौडेलको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा सार्वजनिक गरियो । यस नतिजा अनुसार नेपालको कुल जनसंख्या २,९१,९२,४८० रहेको छ। जसमा महिला १,४९,०१,१६९ र पुरुष १,४२,९१,३११ रहेका छन् सार्वजनिक नतिजाअनुसार वार्षिक जनसंख्या वृद्धिदर ०.९३ प्रतिशत, औसत परिवार सदस्य संख्या ४.३२ जना, जनघनत्व १९८ जना प्रति वर्ग किमि रहेको छ । यस नतिजाअनुसार ६६.०८% जनसंख्या शहरी क्षेत्रमा र ३३.९२% जनसंख्या ग्रामीण क्षेत्रमा बसोवास गर्ने देखिएको छ । त्यसैगरी २१,६९,४७८ जना अनुपस्थित अर्थात् विदेशमा अक्सर बसोबास गर्ने देखिएको छ ।

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा तलको लिङ्कमा गई हेर्न सकिने छ ।

www.cbs.gov.np, www.censusnepal.cbs.gov.np

## प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ को प्रक्रियात्मक दस्तावेज (Procedural History) तयारी कार्यक्रम

नेपालको प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ को योजना तर्जुमादेखि नतिजा प्रकाशन तथा प्रसारसम्म सञ्चालन गरिएका तथ्याङ्कीय व्यवस्थापनका क्रियाकलापहरूलाई लिपिवद्ध गर्ने उद्देश्यले प्रक्रियात्मक दस्तावेज (Procedural History) तयारीका लागि २०७८ पौष १५ देखि १६ गते बारा जिल्लामा, २०७८ माघ २९ देखि फागुन १ गते कास्की जिल्लामा र

२०७९ साल असार १८ र १९ गते कञ्चनपुर जिल्लामा तीनओटा कार्यशाला गोष्ठीहरूको आयोजना गरियो । उक्त कार्यक्रमहरूमा आर्थिक गणना २०७५ को तयारीदेखि गणना सञ्चालन र नतिजा प्रकाशनका विभिन्न चरणका क्रियाकलापहरूमा संलग्न भएका विभाग र अन्तर्गतका तथ्याङ्क कार्यालयहरूका कर्मचारीहरूको सहभागीतामा आर्थिक गणना २०७५ को केन्द्र तथा जिल्ला स्तरमा सञ्चालन भएका कार्यक्रमहरूको स्मरण तथा समीक्षा गरी अभिलेखीकरणका कार्यहरू गरिएका थिए । राष्ट्रिय आर्थिक गणना २०७५ को प्रक्रियात्मक दस्तावेज (Procedural History) तयारी कार्यक्रमका उद्देश्यहरू भविष्यमा सञ्चालन गरिने आर्थिक गणना तथा सर्वेक्षणहरूको प्रभावकारी कार्य योजना तर्जुमा गर्नका लागि आधार तयार गर्नु र राष्ट्रिय आर्थिक गणना २०७५ मा सम्पादन गरिएका गणना पूर्वतयारीको प्रारम्भिक चरण, मुख्य गणना अवधिको चरण र गणनापश्चात् चरणका चरणवद्ध प्रक्रियागत क्रियाकलापहरूलाई लिपिवद्ध गर्नु रहेको थियो ।

## राष्ट्रिय आर्थिक गणना २०७५ को नतिजावाट अनौपचारिक आर्थिक तथ्याङ्क विश्लेषणसम्वन्धी गोष्ठी



अविकसित तथा विकासशिल देशहरूमा पछिल्ला दिनमा अर्थतन्त्रको कुल आकारमा अनौपचारिक अर्थतन्त्रको हिस्सा उल्लेख्य रहेको देखिन्छ। नेपालमा पनि विगतदेखि नै अनौपचारिक अर्थतन्त्रको हिस्सा उल्लेख्य रहेको तथ्य विभिन्न गणना तथा सर्वेक्षणहरूको नतिजाबाट देखिन्छ। विकासशिल देशको अर्थतन्त्रमा वस्तु तथा सेवाको उत्पादन, वितरण, उपभोग, बचत, लगानी, पूँजी निर्माणजस्ता क्रियाकलापहरू औपचारिक, अनौपचारिक तथा अदृश्य अर्थतन्त्र सञ्चालन भएका हुन्छन् । नेपालमा अर्थतन्त्रको आधारभूत संरचना मापन गर्ने उद्देश्यले विक्रम सम्बत २०७५ मा राष्ट्रिय आर्थिक गणना सञ्चालन गरिएको थियो । यस गणनाले नेपालमा दर्ता नभई सञ्चालनमा रहेका प्रतिष्ठानहरूको संख्या उल्लेख्य रहेको कुरा उजागर गरेको थियो । यस गणनामा दर्ता नभई सञ्चालनमा रहेका प्रतिष्ठानलाई अनौपचारिक क्षेत्रको रूपमा मानिएको थियो । यस सन्दर्भमा तथ्याङ्कका प्रयोगकर्ताहरूलाई आर्थिक गणनाबाट प्राप्त अनौपचारिक क्षेत्रको विभिन्न विशेषता सहितका तथ्याङ्कीय अवस्थाबारे जानकारी तथा अनौपचारिक क्षेत्रको अवधारणा तथा उपलब्ध तथ्याङ्कबारे अन्तरक्रिया गर्ने उद्देश्यले आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम वमोजिम "राष्ट्रिय आर्थिक गणना २०७५ को नतिजाबाट अनौपचारिक आर्थिक तथ्याङ्क विश्लेषण" अन्तरक्रिया गोष्ठी कार्यक्रम २०७९ साल असार ७ गते मंगलवारका दिन विभागमा आयोजना गरिएको थियो । यस कार्यक्रममा विभागका कर्मचारीहरू र सरोकारवाला अन्य निकायहरू ILO, GFONT, JICA Nepal साना तथा घरेलु उद्योग कार्यालय, नीति अनुसन्धान कार्यालय, त्रिभुवन विश्व विद्यालय आर्थिक विकास केन्द्र (CEDA), नेपाल चेम्वर अफ कमर्स आदि संस्थाहरूबाट सहभागीता रहेको थियो । कार्यक्रममा अनौपचारिक अर्थतन्त्र, अनौपचारिक क्षेत्र र अनौपचारिक क्षेत्र रोजगारीका Conceptual framework, राष्ट्रिय आर्थिक गणनामा अनौपचारिक क्षेत्रको अवस्था तथा तथ्याङ्कीय विश्लेषण विषयमा कार्यपत्र प्रस्तुत गरिएका थिए ।

## राष्ट्रिय आर्थिक गणना २०७५ को नतिजा तथा विश्लेषण कार्यक्रम

विभिन्न व्यावसायिक आर्थिक क्रियाकलापहरूको विस्तृत तथ्याङ्कीय सूचना संकलन गरी भविष्यको आर्थिक विकासको अनुमान र तुलनाका लागि आधार खडा गर्ने उद्देश्य सहित प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ सञ्चालन गरिएको थियो । यसै गणनाको नतिजाका विभिन्न पक्षहरूका बारेमा सरोकारवाला र तथ्याङ्क प्रयोगकर्ताहरू बीच अन्तरक्रिया कार्यक्रम २०७९ असार १७ गतेका दिन सुदुरपश्चिम प्रदेशको राजधानी धनगढीमा सञ्चालन गरिएको थियो । यस कार्यक्रममा के.त.वि. अन्तर्गतका तथ्याङ्क कार्यालयहरू, कैलाली जिल्लामा भएका प्रदेश योजना कार्यालय, स्वास्थ्य कार्यालय, उद्योग वाणिज्य संघ, धनगढी उपमहानगरपालिकाको कार्यालयका प्रतिनिधिहरू समेत गरी जम्मा ३० जनाको सहभागीता रहेको थियो ।

## प्रदेश तथा स्थानीय तहका लागि तथ्याङ्कीय साक्षरता सम्बन्धी कार्यशाला




संघीयताको कार्यान्वयसँगै प्रदेश तथा स्थानीय तहमा तथ्याङ्कीय कार्यमा संलग्न जनशक्तिलाई तथ्याङ्कसम्बन्धी आधार भूत ज्ञान र सीप प्रदान गरी सम्बन्धीत तहको क्षमता अभिबृद्धि गर्ने र नेपालको तथ्याङ्क प्रणालीका सबल तथा कमजोर पक्ष,

नीतिगत, संस्थागत, संरचनागत तथा पूर्वाधारहरूको बारेमा जानकारी प्रदान गर्ने अभिप्रायले २०७९ असार ४ गते देखि ६ गतेसम्म वाग्लुङमा तथ्याङ्कीय साक्षरता सम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन गरियो । बागलुङ, पर्वत, मुस्ताङ जिल्लाका विभिन्न स्थानीय तहमा कार्यरत जनशक्तिलाई तथ्याङ्कीय अवधारणा, विधि तथा प्रक्रियाका साथै तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण, प्रस्तुति, व्याख्या तथा प्रयोग गर्ने विधिका बारेमा तथा स्थानीय स्तरको तथ्याङ्क व्यवस्थापनका अवसर, सम्भावना र प्रयोगका बारेमा घनिभूत रूपमा छलफल उक्त गोष्ठीमा भएको थियो ।

## नेपाल व्यापार सर्वेक्षण २०७८ को स्थलगत लगत संकलन कार्य सम्पन्न

मुलुकभित्र थोक तथा खुद्रा व्यापार र मोटरगाडी तथा मोटरसाइकल मर्मत गर्ने व्यापारिक प्रतिष्ठानहरूको आर्थिक तथा वित्तीय विवरणहरू संकलन गरी यस क्षेत्रको राष्ट्रिय अर्थतन्त्र तथा रोजगारीमा योगदान एकिन गर्न आवश्यक पर्ने तथ्याङ्क उत्पादन गर्ने अभिप्रायले व्यापार सर्वेक्षण २०७८, दोस्रो पटक सञ्चालन गरिएको थियो । व्यापार तथ्याङ्क शाखावाट नेपाल व्यापार सर्वेक्षण २०७८ को फिल्ड कार्य २०७८ फागुनदेखि २०७९ जेष्ठ मसान्त सम्म गरिएको थियो । नमूना विधि प्रयोग गरी देशभरिबाट १८,००० प्रतिष्ठानहरू छनौट गरी १०७ जना गणकहरू परिचालन गरी स्थलगत तथ्याङ्क संकलनको काम सम्पन्न भएको थियो ।


## फोहरमैला व्यवस्थापन सर्वेक्षण २०७६ को नतिजा सार्वजनिकीरण कार्यक्रम




विभागले फोहरमैला व्यवस्थापनसम्बन्धी सर्वेक्षण २०७६ का नतिजा सार्वजनिक गरेको छ वातावरण शाखाले शाखाले विभाग तथा विभिन्न जिल्लाहरू (काभ्रे, कास्की, चितवन, सुनसरी बाँके) मा नतिजा सार्वजनिककिरण कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रमहरूमा सम्बन्धीत जिल्लाका नगरपालिकाहरूमा कार्यरत फोहरमैला व्यवस्थापनसँग सम्बन्धीत अधिकृत, प्रतिनिधिहरू तथा तथ्याङ्क कार्यालयका प्रमुखहरूको उपस्थिति रहेको थियो ।


यस सर्वेक्षणको मुख्य उद्देश्य फोहोरमैला व्यवस्थापनसम्वन्धी आधारभुत तथ्याङ्क संकलन गर्ने जसमा फोहरमैलाको उत्पादन (generation), संकलन तथा व्यवस्थापनसम्वन्धी तथ्याङ्कहरू संकलन गर्नु थियो सर्वेक्षणबाट प्राप्त नतिजाअनुसार औसतमा एउटा नगरपालिकाले आ.व. २०७५/७६ मा २२३२.७ मेट्रिक टन फोहोर संकलन गरेको देखिन्छ । दैनिक रूपमा भन्ने हो भने प्रतिदिन ६.१ मेट्रिकटन पर्न हुन आउँछ, जसमा जैविक, अजैविक र अन्य फोहोरमैलाको प्रतिशत क्रमश ५४, ३३.३ र १२.७ प्रतिशत रहेको छ त्यस्तै ४२.१ प्रतिशत नगरपालिकाहरूले ल्याण्डफिल साइटको प्रयोग गरेको पाइयो संकलित फोहोर मध्ये ४८.६ प्रतिशत फोहोरलाई ल्याण्डफिल साइटमा व्यवस्थापन गरिएको देखिन्छ तथ्याङ्क संकलन गरिएका मध्ये ३० ओटा नगरपालिकाहरूले जम्मा उत्पादित फोहोरको ४.१ प्रतिशत फोहोरको पुनःप्रशोधन कार्य (recycling) गरेको पाइयो । फोहोरमैलाको उत्पादन दिन प्रतिदिन बढिरहेको हुँदा नगरपालिकाहरूलाई यसको व्यवस्थापन चुनौतीपूर्ण नै रहेको छ । विशेष गरी सर्वेक्षणले देखाएका मुख्य चुनौतीहरूमा जनचेतनाको कमि, ल्याण्डफिल साइटको समस्या तथा नगरपालिकाहरूमा जनशक्ति, बजेट र पूर्वाधारहरूको कमि रहेको छ ।

## जलवायु परिवर्तनसम्बन्धी सूचकहरुको प्रकाशन




केन्द्रीय तथ्याङ्क विभागले पहिलोपटक जलवायु परिवर्तनसम्बन्धी सूचकहरूको प्रकाशन गरेको छ । जलवायु परिवर्तन सम्बन्धी अन्तर र्ष्ट्रिय स्तरमा विकास गरिएका सूचकहरुमध्ये तथ्याङ्क उपलब्ध भएका विभिन्न सूचकहरुको तथ्याङ्क समावेश गरी यो प्रकाशन गरिएको छ ।

## सिस्टम अफ इन्भाइरन्मेन्टल इकोनोमिक एकाउन्टिङ (SEEA) अन्तर्गत ऊर्जा तथा फोहोरमैला व्यवस्थापनसम्बन्धी लेखाको प्रकाशन




केन्द्रीय तथ्याङ्क विभागबाट SYSTEM OF ENVIRONMENTAL ECONOMIC ACCOUNTING अन्तर्गत SOLID WASTE ACCOUNT FOR URBAN MUNICIPALITIES OF NEPAL 2022 प्रतिवेदन तयार भई प्रकाशन गरिएको छ ।

# राष्ट्रिय जनगणनाको कोडिङ तथा ईडिटिङ्ग कार्य सम्पन्न



राष्ट्रिय जनगणना २०७८ मा संकलित मुख्य प्रश्नावली र घर तथा घरपरिवार सूचीकरण फारम लगायत अन्य फारमहरूको कोडिङ तथा इडिटिङ भई कम्प्युटरमा प्रविष्टि गर्ने कार्य २०७९ आश्विन ३० गते सम्पन्न भएको छ ।




मुख्य प्रश्नावली र घर तथा घरपरिवार सूचीकरण फाराम लगायत अन्य फारामहरूको कोडिङ तथा इडिटिङ भई कम्प्युटरमा प्रविष्टि गर्ने कार्यको लागि जनशक्ति भर्नाको लागि मिति २०७८ पौष १४ गते सूचना प्रकाशन गरी १०० जना कोडर तथा ३०० जना डाटा इन्ट्री अपरेटरको लागि विज्ञापन आह्वान गरिएको थियो । विभागले आवश्यक छनौट प्रक्रिया पूरा गरी करारमा लिइएका १०० जना कोडरमध्ये मिति २०७८ माघ २३, २४ र २५ गते ५० जना र २६, २७ र २८ गते ५० जनाको तालिम सम्पन्न गरी २०७८ फाल्गुण १ देखि बिहान र अपरान्ह गरी दुई सिफ्टमा कोडिङ तथा इडिटिङको कार्य प्रारम्भ भई २०७९ भाद्र २० गते सम्पन्न भएको थियो। विभिन्न कारणले करारमा लिईएका कोडर-इडिटरमध्ये केहीले राजिनामा दिई छोडेको कारणले तोकिएको समयमा कोडिङ-इडिटिङ कार्य सम्पन्न गर्न थप नियुक्त गरेका कोडरसमेत जम्मा १२८ जनाले कोडिङको कार्य सम्पन्न गरेका थिए, जसमा ५४ जना पुरुष र ७४ जना महिला रहेका थिए उक्त कार्यको व्यवस्थापनको लागि प्रत्येक समूहको लागि थप ३/३ जना गरी ६ जना कोडिङ सुपरभाईजर र जनसंख्या शाखामा कार्यरत कर्मचारी परिचालन गरिएको थियो । कोडिङ-इडिटिङ कार्यको समापन पश्चात् सम्पूर्ण कोडरहरूलाई एक कार्यक्रमको आयोजना गरी धन्यवादसहित विदाइ गरिएको थियो ।



यसैगरी विभागले आवश्यक छनौट प्रक्रिया पूरा गरी करारमा लिईएका ३०० जना डाटा इन्ट्री अपरेटरहरूको ५०/५० जनाको समूहलाई मिति २०७८ फाल्गुण १९ देखि २४ गतेसम्म एक दिनको तालिम दिई २०७८ फाल्गुण २० देखि क्रमशः बिहान र अपरान्ह गरी दुई सिफ्टमा डाटा इन्ट्रीको कार्य प्रारम्भ भई २०७९ आश्विन ३० गते सम्पन्न गरिएको थियो । विभिन्न कारणले करारमा लिईएका डाटा इन्ट्री अपरेटरहरू मध्ये केहीले राजिनामा दिई छोडेको कारणले तोकिएको समयमा डाटा इन्ट्री कार्य सम्पन्न गर्न थप नियुक्त गरिएका गरेका डाटा इन्ट्री अपरेटरसमेत जम्मा

३८३ जनाले डाटा इन्ट्रिको कार्य गरेका थिए । जसमा २१५ जना पुरुष र १६८ जना महिला थिए । उक्त कार्यको व्यवस्थापनको लागि प्रत्येक समूहको लागि थप २/२ जना गरी १८ जना डाटा इन्ट्री सुपरभाईजर र जनसंख्या शाखामा कार्यरत कर्मचारी परिचालन गरिएको थियो । सम्पूर्ण डाटा इन्ट्री कार्यको समापन पश्चात् अपरेटरहरूलाई एक कार्यक्रमको आयोजना गरी धन्यवादसहित विदाइ गरिएको थियो ।



हाल राष्ट्रिय जनगणना २०७८ को डाटा क्लिनिङको कार्य भइरहेको छ र २०७९ साल पौष १५ गते भित्रमा जनगणनाको मूल नतिजा प्रकाशन गर्ने र क्रमशः अन्य विषयगत प्रतिवेदनहरू प्रकाशन गर्ने गरी तयारी भइरहेको छ ।

## राष्ट्रिय लेखा तथ्याङ्कबारेमा सरोकारवालाहरूसँगको अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय लेखा तथ्याङ्कको बारेमा सरोकारवालाहरूलाई जानकारी गराउने र यसलाई विश्वसनीय र यथार्थपरक बनाउन सरोकारवालाहरूबाट आवश्यक राय सुझावहरू संकलन गर्ने उद्देश्यले २०७९ साल असार ५ र ६ गते काभ्रे जिल्लाको धुलिखेलमा राष्ट्रिय लेखा तथ्याङ्कको बारेमा सरोकारवालाहरूसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । यस कार्यक्रममा विभिन्न क्षेत्रका २४ जना सहभागीहरूको सहभागीता रहेको थियो । यस दुई दिने कार्यक्रममा राष्ट्रिय लेखाका विविध विषयहरू समेटिएका थिए ।

## राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६ को स्थलगत तथ्याङ्क संकलन कार्यको समीक्षा कार्यक्रम सम्पन्न

आ.व. २०७७/७८ मा स्थलगत तथ्याङ्क संकलन कार्य सम्पन्न गरिएको राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६ को स्थलगत तथ्याङ्क संकलन कार्यको समीक्षा गरी आवश्यक पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले यस कार्यालयको प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखाको आयोजनामा २०७८ फागुन १४ र १५ गते बाँके जिल्लामा दुई दिने समीक्षा कार्यक्रम सञ्चालन गरिएको थियो । केन्द्रीय तथ्याङ्क विभागका निर्देशक, अधिकृत, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा रहेका तथ्याङ्क कार्यालयका कार्यालय प्रमुखहरूको सहभागीता रहेको उक्त कार्यक्रममा जम्मा २५ जनाको सहभागीता रहेको थियो । कार्यक्रमबाट प्राप्त राय सुझावले राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६ मा भएका कमजोरी तथा त्रुटिहरूलाई न्यूनीकरण गरी आगामी गणनालाई थप प्रभावकारी बनाउन सहयोग गर्ने अपेक्षा राखिएको छ ।

## राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६ को राष्ट्रिय प्रतिवेदन सार्वजनिकीकरण

कोभिड-१९ का कारण लामो समय सम्म स्थलगत तथ्याङ्क संकलन कार्य स्थगन भएको राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६ को राष्ट्रिय प्रतिबेदन सार्वजनिक कार्यक्रम २०७९ असार २४ गते केन्द्रीय तथ्याङ्क विभागको तालिम हलमा सम्पन्न गरियो । संचारकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको उक्त कार्यक्रमको अध्यक्षता केन्द्रीय तथ्याङ्क विभागका महानिर्देशक श्री नेबिनलाल श्रेष्ठले गर्नुभएको थियो । राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६ को प्रमुख नतिजाहरूको जानकारी गराउने उद्देश्यका साथ संचालित कार्यक्रममा सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

## नेपाल जीवनस्तर सर्वेक्षण चौथो शुरु

नेपालमा सन् १९९५/९६ मा पहिलो, सन् २००३/२००४ मा दोस्रो र सन् २०१०/११ मा तेस्रो गरी हालसम्म तीनओटा नेपाल जीवनस्तर सर्वेक्षण भइसकेका छन् यस पटक सञ्चालन गरिने सर्वेक्षण जीवनस्तर सर्वेक्षणको चौथो श्रृंखला हो । यस सर्वेक्षणले Demography, Housing, Consumption, Education, Health, Agricultural activity, Remittances, Income, Credit and saving लगायत अन्य विविध क्षेत्रको तथ्याङ्क सङ्कलन गर्दछ र विभिन्न क्षेत्रहरू बीचको अन्तरसम्बन्ध बारे अध्ययन गर्न अवश्यक सूचनाको आधार तयार गर्दछ । नेपाल जीवनस्तर सर्वेक्षण चौथोको प्रमुख उद्देश्य देशभित्र नमूना छनोटमा परेका घरपरिवारहरूबाट तथ्याङ्क सङ्कलन गरी जनताको जीवनस्तरमा आएका परिवर्तनहरूको स्थिति र विभिन्न नीति तथा कार्यक्रमहरूले नेपालीको जीवनस्तरमा पारेका प्रभावहरूबारे सरकारलाई सूचना प्रवाह गर्नु हो । यस सर्वेक्षणले कुनै खास एक क्षेत्रलाई मात्र लक्षित नगरी विभिन्न क्षेत्रगत विषयहरूको सूचना तथा जानकारी सङ्कलन गर्दछ ।

यो सर्वेक्षण नेपाल संघीयतामा गए पछिको पहिलो सर्वेक्षण हो । यस सर्वेक्षणबाट सातओटै प्रदेशका ग्रामीण तथा शहरी क्षेत्र र काठमाडौं उपत्यका शहरी क्षेत्र गरी जम्मा १५ ओटा विश्लेषणका क्षेत्र (Analytical domain) हरूको गरिबीका सूचकहरू प्राप्त हुनेछन् । यो सर्वेक्षणका लागि छ प्रदेशलाई ग्रामीण र शहरी क्षेत्र गरी दुई/दुई ओटा विश्लेषणात्मक क्षेत्रहरूमा विभाजन गरिएका छन् तर बागमती प्रदेशमा काठमाडौं उपत्यका शहरी क्षेत्र र बाँकी भूगोललाई अन्य प्रदेशमा जस्तै ग्रामीण र शहरी क्षेत्रमा विभाजन


गरिएको छ । यसरी बागमती प्रदेशमा तीनओटा विश्लेषणात्मक क्षेत्रहरू रहकेका छन् । यहाँ, काठमाडौ उपत्यका शहरी क्षेत्रमा काठमाडौ र भक्तपुरको सम्पूर्ण भू-भाग तथा ललितपुर जिल्लाको नगरपालिका क्षेत्रमात्र समाबेश गरिएको छ । यस सर्वेक्षणमा यी १५ ओटा क्षेत्रबाट सर्वेक्षणका लागि ८०० गणना क्षेत्रहरू र प्रत्येक गणनाक्षेत्रबाट १२/१२ ओटाका दरले घरपरिवारहरू छानी जम्मा ९६०० घरपरिवारहरूको तथ्याङ्क संकलन गरिनेछ । यो सर्वेक्षण आर्थिक बर्ष २०७८/२०७९ को असार महिनाको १६ गतेबाट शुरु भई आर्थिक बर्ष २०७९/२०८० को असार महिनाको १५ गतेसम्म सम्पन्न गर्ने कार्यक्रमको कार्यतालिका रहेको छ ।

# आर्थिक वर्ष २०७८/ ७९ को राष्ट्रिय लेखा तथ्याङ्क सम्बन्धी जानकारी

अर्थतन्त्रका विविध पक्षहरूलाई मापन गरी आर्थिक नीति निर्माण गर्न तथा आर्थिक विकासका गतिविधिहरूको अनुगमन तथा मूल्यांकन गर्नका लागि केन्द्रीय तथ्याङ्क विभागले नियमित रूपमा कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product, GDP), उपभोग (Consumption), बचत (Saving), लगानी (Investment) आदि जस्ता महत्वपूर्ण राष्ट्रिय लेखा (National Accounts) सम्बन्धी समष्टिगत आर्थिक सूचकहरू तथा त्यससँग सम्बन्धीत तथ्याङ्क तयार गरी सार्वजनिक गरिँदै आएको छ । यस्ता सूचकहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न सरोकारवालाहरूबाट व्यापक रूपमा प्रयोग हुँदै आएको छ । नेपालमा राष्ट्रिय लेखा अनुमानहरू वि.सं. २०१८/१९ साल देखि शुरु गरी वि.सं.२०२१/२२ देखि अविच्छिन्न रूपमा तयार गरी प्रकाशन गरिँदै आएको छ । यसै क्रममा चालु आर्थिक वर्ष २०७८/७९ को छ देखि नौ महिना सम्मका आर्थिक क्षेत्रहरूसँग सम्बन्धीत आँकडा तथा सूचनाहरू र बाँकी अवधिको अनुमान गर्दा केही हालको अवस्था र विगतका अवस्थाका अधारमा वस्तु तथा सेवाको उत्पादन अनुमान गरी आ.व.२०७८/७९को प्रारम्भिक अनुमान र प्राप्त संशोधित तथ्याङ्कका आधारमा गत आर्थिक वर्ष २०७७/७८ को संशोधित अनुमान तथा विगत आर्थिक वर्ष २०७६/७७ को अन्तिम अनुमान प्रकाशित गरिएको छ । हाल प्रकाशित स्थिर मूल्यका अनुमानहरू आर्थिक वर्ष २०६७/६८ को मूल्यमा आधारित छन् । तथ्याङ्कको उपलब्धता सँगसँगै केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय लेखा तथ्याङ्क परिमार्जन नीति बमोजिम आर्थिक वर्ष २०७७/७८ र आर्थिक वर्ष २०७८/७९ का अनुमानहरूलाई क्रमश: परिमार्जनसहित प्रकाशित गर्दै लगिनेछ । प्राप्त तथ्याङ्कको विश्लेषणबाट आर्थिक वर्ष २०७८/७९ मा उपभोक्ताहरूको मुल्यमा ५.८४ प्रतिशतले समष्टिगत आर्थिक वृद्धि (कुल कुल गार्हस्थ्य उत्पादनको वृद्धि) हुने देखिन्छ ।


## कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर (आधार मूल्यमा)

आर्थिक वर्ष २०७८/७९ को छदेखि नौ महिनासम्मका आर्थिक क्षेत्रहरूसँग सम्बन्धीत आँकडा तथा सूचनाहरूका आधारमा तयार गरिएको तथ्याङ्क अनुसार कुल गार्हस्थ्य उत्पादन (GDP) को वृद्धिदर आधारभूत मूल्यमा (Basic price) ५.४९ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ सोही वृद्धिदर गत आर्थिक वर्ष २०७७/७८ मा ३.८३ प्रतिशत हुने संशोधित अनुमान र आर्थिक वर्ष २०७६/७७ मा २.४२ प्रतिशत ऋणात्मक रहेको अन्तिम अनुमान गरिएको छ ।




## बृहत् औद्योगिक समूहअनुसार कुल मूल्य अभिवृद्धि वृद्धिदर

समग्र औद्योगिक क्षेत्रलाई प्राथमिक क्षेत्र (Primary), द्वितीय क्षेत्र (Secondary Sector) र सेवाक्षेत्र (Tertiary Sector) गरी प्रमुख तीन समूहमा विभाजन गरेर तथ्याङ्क विश्लेषण गर्दा चालु आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्र र द्वितीय क्षेत्रको योगदान केही बढ्न गएको देखिन्छ भने प्राथमिक क्षेत्रको योगदानमा गत आर्थिक वर्ष भन्दा कमी आएको देखिन्छ ।




### १. प्राथमिकक्षेत्र (Primary Sector)

यस क्षेत्रअन्तर्गत कृषि, वन तथा मत्स्य र खानी तथा उत्खनन क्षेत्र पर्दछन् चालु आर्थिक वर्ष २०७८/७९ को कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले २४.५ प्रतिशत योगदान दिने प्रारम्भिक अनुमान गरिएको छ । अघिल्लो आर्थिक वर्ष २०७७/७८ को तुलनामा चालु आर्थिकमा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर स्थिरमूल्यमा २.४४ प्रतिशत

हुने प्रारम्भिक अनुमान रहेको छ । चालु आर्थिक वर्षमा धानवालीको उत्पादनमा भएको ह्रासले गर्दा यस क्षेत्रको उत्पादनमा गत आ. व. को भन्दा कम वृद्धिदर रहेको छ ।

### २. द्वितीय क्षेत्र (Secondary Sector)

यस क्षेत्रअन्तर्गत उद्योग, विद्युत तथा ग्याँस, पानीको आपूर्ति र निर्माण क्षेत्र पर्दछन् चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १३.७ प्रतिशत योगदान दिने प्रारम्भिक अनुमान गरिएको छ अघिल्लो आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०७८/७९मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर स्थिर मूल्यमा १०.२९ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। खास गरी माथिल्लो तामाकोशी जल विद्युत आयोजनाबाट गत आर्थिक वर्षको अन्त्यदेखि विद्युत उत्पादन शुरू भएको निर्माण कार्यमा भएको वृद्धि तथा औद्योगिक उत्पादनमा भएको वृद्धि आदिका कारणले यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदरमा सकारात्मक प्रभाव पारेको पाइन्छ ।

### ३. सेवा क्षेत्र (Tertiary Sector)

यस क्षेत्रअन्तर्गत थोक तथा खुद्रा व्यापार, अवास तथा भोजनसेवा, यातायात सञ्चार तथा भण्डारण, वित्तीय मध्यस्थता, घरजग्गा कारोवार, पेशागत तथा प्रशासिनक व्यावसायिक सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा, स्वास्थ्य र अन्य सेवाहरू पर्दछन्। चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ६१.८ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । अघिल्लो आर्थिक वर्ष २०७७/७८को तुलनामा चालु आर्थिक वर्षमा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर स्थिरमूल्यमा ५.९३ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । कोभिड १९ को महामारीले ऋणात्मक भएका अवास तथा भोजन सेवा र यातायात क्षेत्रका आर्थिक कृयाकलापमा भएको वृद्धि तथा व्यापार तथा निर्माण कृयाकलापमा भएको वृद्धिको कारण यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर बढी भएको हो ।

# राष्ट्रिय कृषिगणना २०७८ सम्बन्धी जानकारी

नेपालको आर्थिक क्षेत्रको मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्रले राष्ट्रिय आय तथा रोजगारीमा महत्वपूर्ण योगदान दिदै आएको छ । यसर्थ, कृषि क्षेत्रको विकासका लागि नीति निर्माण तथा योजना तर्जुमा गर्न, कार्यान्वयन गर्न, अनुगमन तथा मूल्याङ्कन गर्न कृषिको संरचनागत बनोट तथा क्रियाकलाप सम्बन्धी भरपर्दो र विश्वासिलो तथ्याङ्कको आवश्यकता पर्दछ । तसर्थ नेपालको प्रत्येक स्थानीय तहको कृषि संरचना, कृषि क्रियाकलाप तथा कृषि उत्पादनसम्बन्धी विवरण सङ्कलनका लागि केन्द्रीय तथ्याङ्क विभागले सातौं राष्ट्रिय कृषिगणना २०७८ सञ्चालन गरेको छ । यस कृषिगणनाले नेपालको इतिहासमा ६० वर्षको अवधि पूरा गरेको छ र संघीय ढाँचाअनुसारका स्थानीय तहसम्मका कृषिसम्बन्धी तथ्याङ्क उपलब्ध गराउनेछ ।

यस गणनामा कृषकले चलन गरेको जग्गाको क्षेत्रफल, जग्गाको उपभोग र उपयोग, बाली लागेको जग्गाको क्षेत्रफल र उत्पादन, सिँचाइको विवरण, कृषि सामग्री र औजारको उपयोग, पशुपन्छीको संख्या र आहारसम्बन्धी विवरण, कृषि कार्यमा संलग्न जनशक्ति, लिङ्गअनुसार कृषि जग्गाको स्वामित्वको अवस्था, कृषि वन, कृषि ऋण, बीमा, अनुदान, कृषि कार्यमा जलवायु परिवर्तनको प्रभाव, हरितगृह पद्धतिको प्रयोग, माटो परीक्षण, कृषि बजारसम्मको पहुँच, कृषि अवशेष र फोहोरको व्यवस्थापनजस्ता विविध विषयहरूमा स्थलगतरूपमा तथ्याङ्क सङ्कलन गरेको छ ।

## राष्ट्रिय कृषिगणना २०७८ को गणना विधि

विगतका गणनाहरूमा जस्तै सातौं कृषिगणना पनि छनोट विधि (Sampling method) मा आधारित भएर गरिएको गणना कार्य हो । यसमा देशभरका कृषक परिवारहरूको प्रतिनिधित्व हुने गरेर छानिएका कृषक परिवारहरूसँग अन्तर्वार्ता लिएर सम्पन्न गरिएको थियो। यसका लागि नेपालका ७५३ ओटै स्थानीय तहको छुट्टाछुट्टै प्रतिनिधित्व हुने गरी नतिजा प्राप्त गर्न कृषक परिवारहरू छानिएका छन्। प्रत्येक स्थानीय तहबाट निश्चित संख्यामा गणना क्षेत्रहरू र सो अन्तर्गत कृषक परिवारहरू छानिएका छन्। यसरी नेपालभरबाट १३,५७८ गणना क्षेत्रहरूको छनौट गरिएको थियो भने करिब ३,३५,००० कृषक परिवारहरू नमुना छनौट (Sample) मा परेका थिए ।

## राष्ट्रिय कृषिगणना २०७८ को स्थलगत तथ्याङ्क संकलन कार्य

राष्ट्रिय कृषिगणना २०७८ को स्थलगत तथ्याङ्क संकलनको लागि ७७ ओटै जिल्लाहरूमा २०७८ चैत्र १ देखि तीन महिनाको लागि प्रदेश/जिल्ला कृषिगणना कार्यालयहरू स्थापना गरिएको थियो । मुख्य तथ्याङ्क संकलन कार्य २०७९ बैशाख ६ देखि जेष्ठ १९ (४५ कार्यदिन) सम्म सञ्चालन भएको थियो भने उक्त कार्यमा ५१२६ गणक तथा १३३७ सुपरिवेक्षकहरू परिचालित भएका थिए । राष्ट्रिय कृषिगणनामा पहिलो पटक CAPI (Computer

Assisted Personal Interview) प्रविधिको प्रयोग गरी उपत्यकाका तीन जिल्लाहरूमा तथ्याङ्क संकलन कार्य गरिएको थियो भने अन्य जिल्लाहरूमा विगतमाझैं कागजी प्रश्नावलीमार्फत् तथ्याङ्क संकलन गरिएको थियो । यस गणनामा मुख्य तीन प्रकारका प्रश्नावली फारामहरू प्रयोग भएका थिए:

लगत १. कृषक परिवार लगत,

लगत २. कृषक परिवार प्रश्नावली र

लगत ३. वडास्तरीय सामुदायिक प्रश्नावली

पाइलट कृषिगणना २०७७ मा यी तीन ओटै प्रश्नावलीहरूको पूर्ण परीक्षण गरिएको थियो । लगत १ छनोटमा परेको प्रत्येक गणना क्षेत्र भित्रका सम्पूर्ण कृषि चलनको (कृषक परिवारको) सूची तथा अन्य विवरण तयार पार्न प्रयोग गरिएको थियो लगत १ को आधारमा अन्तर्वार्ताका लागि कृषक परिवार छनोट गरिएको थियो र यसरी छनोट भएका कृषक परिवारको (कृषि चलनको) सूची लगत १क मा उतार गरिएको थियो लगत १ क मा उतार भएका प्रत्येक कृषक परिवारसँग लगत २ भरिएको थियो । लगत ३ छनोटमा परेको गणना क्षेत्रसँग सम्बन्धीत वडाको सामुदायिक विवरण भर्न प्रयोग गरिएको थियो । तथ्याङ्क संकलन कार्यलाई गुणस्तरीय एवं भरपर्दो बनाउन विभिन्न चरणमा अनुगमन तथा निर्देशनको समेत व्यवस्था गरिएको थियो ।

# राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को नतिजाको सारांश

## १. पृष्ठभूमी:

औद्योगिक गणना तथा सर्वेक्षणहरू औद्योगिक तथ्याङ्कका प्रमुख स्रोतहरू हुन् । केन्द्रीय तथ्याङ्क विभागले यसअघि प्रत्येक ५/५ वर्षमा १० वा सो भन्दा बढी व्यक्तिहरू संलग्न भएका ठूला उत्पादनशील औद्योगिक प्रतिष्ठानहरूको पूर्ण गणना विधिबाट औद्योगिक गणनाहरू तथा करिव १०/१० वर्षको फरकमा ९ वा सोभन्दा कम व्यक्तिहरू संलग्न भएका साना उत्पादनशील औद्योगिक प्रतिष्ठानहरूको नमूना छनौट विधिबाट साना औद्योगिक सर्वेक्षणहरू सम्पन्न गर्दै आएको थियो । विभागले प्रथम राष्ट्रिय औद्योगिक गणना वि.सं. २०२२ मा सम्पन्न गरी २०६९ सालमा दशौं औद्योगिक गणना सञ्चालन गरेको थियो भने पहिलो साना औद्योगिक सर्वेक्षण वि.सं. २०२९ सालमा सञ्चालन गरी वि.सं. २०६६ मा पाँचौ साना औद्योगिक सर्वेक्षण सम्पन्न गरिसकेको छ ।

## २. राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६:

विगतमा उत्पादनशिल उद्योगहरू (manufacturing establishments) लाई मात्र समेटी गणना तथा सर्वेक्षण गर्दै आएकोमा अन्तराष्ट्रिय मान्यता बमोजिम अन्य थप तीन क्षेत्रहरूलाई समेत समेटी हालको राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ सम्पन्न गरिएको छ । अन्तराष्ट्रियस्तरीय औद्योगिक वर्गीकरण अनुसार तयार गरिएको नेपालस्तरीय औद्योगिक वर्गीकरण (NSIC) अन्तर्गत हाल गरिएको सर्वेक्षणमा समावेश गरिएका क्षेत्रहरू देहाय अनुसार छन् ।

खण्ड B: खानी तथा उत्खनन,

खण्ड C: औद्योगिक उत्पादन,

खण्ड D: विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा,

खण्ड E: पानीको आपूर्ति; ढलनिकास, फोहोर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरू

विगतका गणना तथा सर्वेक्षणको तुलनामा फराकिलो दायरा, साना/ठूला सबै उद्योगहरू समाबेश भएको र प्रदेशस्तरसम्मको नतिजा प्राप्त हुने भएकाले यसलाई नेपालको पहिलो एकीकृत औद्योगिक सर्वेक्षण भनिएको छ ।

## ३. सर्वेक्षणको उद्देश्य:

सर्वेक्षणको मुख्य उद्देश्य सन्दर्भ वर्षमा अर्थतन्त्रमा औद्योगिक क्षेत्रले गरेको योगदानको मापन गर्नुका साथै, नीति निर्माता, योजनाविद्, अनुसन्धानकर्ता तथा अन्य प्रयोगकर्ताहरूलाई औद्योगिक क्षेत्रसँग सम्बन्धीत आवश्यक तथ्याङ्क उपलब्ध गराउनु रहेको छ सर्वेक्षणका अन्य उद्देश्यहरू देहाय बमोजिम छन् ।

- चालु अवस्थामा रहेका औद्योगिक प्रतिष्ठानहरूको संरचनागत स्थिति उपलब्ध गराउनु,
- औद्योगिक प्रतिष्ठानहरूमा रहेको रोजगारी सम्बन्धी तथ्याङ्क उपलब्ध गराउनु,
- औद्योगिक प्रतिष्ठानहरूको लागत (input), उत्पादन (output) तथा मूल्य अभिवृद्धि (value added) का अनुमानहरू उपलब्ध गराउनु,
- औद्योगिक क्षेत्रअन्तर्गतका दिगो विकास लक्ष्यका सूचकहरूको मापन गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउनु ।

## ४. सर्वेक्षणको सन्दर्भसमय:

राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को सन्दर्भ अवधि २०७५ श्रावण १ गतेदेखि २०७६ आषाढ मसान्तसम्म अर्थात् आर्थिक वर्ष २०७५/७६ रहेको छ ।

## ५. सर्वेक्षण विधि:

राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ मा पूर्ण गणना र नमूना छनौट विधि दुवै तरिका अवलम्बन गरिएको छ। नमूना छनौट गर्ने प्रयोजनको लागि स्याम्प्लिङ् फ्रेमको रूपमा राष्ट्रिय आर्थिक गणना, २०७५ को तथ्याङ्कलाई आधार मानिएको

छ गणना गर्दा NSIC खण्ड B, D र E अन्तर्गत पर्ने सबै उद्योग प्रतिष्ठानहरूको पूर्ण गणना गरिएको छ भने खण्ड C अन्तर्गत पर्ने प्रतिष्ठानहरूको हकमा पूर्ण गणना र नमूना छनौट दुवै विधि अवलम्बन गरिएको छ। खण्ड C अन्तर्गत पर्ने प्रतिष्ठानहरूको हकमा १० वा १० भन्दा वढी व्यक्ति संलग्न भएका (ठूला) उद्योग प्रतिष्ठानहरूको पूर्ण गणना र ९ जनासम्म व्यक्ति संलग्न भएका (साना) उद्योगहरूको हकमा नमूना छनौट विधि अवलम्बन गरिएको छ।

## ६. सर्वेक्षणको दायरा:

नेपालस्तरीय औद्योगिक वर्गीकरण (NSIC) को खण्ड B, C, D र E सँग सम्बन्धीत आर्थिक क्रियाकलाप गर्ने तथा कम्तीमा कुनै एक सरकारी निकायमा दर्ता भई निश्चित स्थानमा रहेर सन्दर्भ अवधिमा सञ्चालनमा रहेका प्रतिष्ठानहरूलाई मात्र सर्वेक्षणमा समावेश गरिएको छ।

## ७. अवधारणा र परिभाषा:

सर्वेक्षणको प्रश्नावलीमा समावेश गरिएका प्रमुख विषयवस्तुहरूको चयन संयुक्त राष्ट्रसंघीय औद्योगिक निकाय (UNIDO) द्वारा प्रकाशित Industrial Statistics: Guidelines and Methodology को आधारमा रही गरिएको छ। त्यसै गरी औद्योगिक क्रियाकलाप तथा वस्तुहरूको वर्गीकरण संयुक्त राष्ट्रसंघद्धारा नै तयार गरिएको अन्तराष्ट्रियस्तरीय औद्योगिक वर्गीकरण (International Standard Industrial Classification Rev. 4) र केन्द्रीय वस्तु वर्गीकरण (Central Product Classification version 2.1) अनुसार गरिएको छ। सर्वेक्षणमा प्रयोग गरिएका अवधारणा र परिभाषाहरू System of National Accounts, 2008 को सिफारीस वमोजिम गरिएको छ।

## ८. तथ्याङ्क संकलनमा कोभिड १९ महामारीको प्रभाव:

सर्वेक्षणको तथ्याङ्क संकलन कार्यको प्रारम्भ २०७६ फागुन २१ गते गरिएकोमा २०७६ चैत्र ११ गते वाट जारी राष्ट्रव्यापी लकडाउनका कारण आ.व. २०७६/७७ मा स्थलगत कार्य स्थगित गरिएको थियो। स्थलगत कार्यको पुनः सञ्चालन २०७७ असोज महिनादेखि गरिए पनि जिल्ला र स्थानीय तहहरूमा भएका निशेधाज्ञाका कारण स्थलगत कार्य प्रभावित भई सर्वेक्षणको सम्पूर्ण स्थलगत कार्य २०७८ असार मसान्तमा मात्र सम्पन्न भएको थियो।

## ९. सर्वेक्षणबाट प्राप्त प्रमुख नतिजाहरू:

### ९.१ सञ्चालनमा रहेका उद्योग प्रतिष्ठानहरूको संख्या (no. of establishments):

सर्वेक्षणको नतिजा अनुसार सन्दर्भ अवधिमा देश भरमा जम्मा ६०,१८५ उद्योग प्रतिष्ठानहरू सञ्चालनमा रहेका छन्। तीमध्ये खानी तथा उत्खनन् क्षेत्रमा ३५६ ओटा; औद्योगिक उत्पादन क्षेत्रमा ५६,६११ ओटा; विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा क्षेत्रमा ९९४ ओटा र पानीको आपूर्ति, ढलनिकास, फोहोर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरूको क्षेत्रमा २,२२४ ओटा उद्योग प्रतिष्ठानहरू रहेका छन्। प्रदेश तथा औद्योगिक वर्गीकरणअनुसार उद्योग प्रतिष्ठानहरूको संख्याको वितरण तालिका नं. १ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १ प्रदेश तथा औद्योगिक वर्गीकरण अनुसार उद्योग प्रतिष्ठानहरूको संख्या**

| क्र.सं. | प्रदेश | औद्योगिक वर्गीकरण अनुसार प्रतिष्ठानहरूको संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | खानी तथा उत्खनन् | औद्योगिक उत्पादन | | | विद्युत् तथा ग्याँस | पानीको आपूर्ति; ढल निकास, फोहर व्यवस्थापन | जम्मा |
| | | | ठूला | साना | जम्मा | | | |
| १ | प्रदेश नं. १ | २३ | ९०५ | १०,७२१ | ११,६२६ | २२८ | ३४८ | १२,२२५ |
| २ | मधेश प्रदेश | २१ | ८५८ | ६,२४८ | ७,१०६ | ४ | १४८ | ७,२७९ |
| ३ | वागमती प्रदेश | १६१ | १,५८१ | १५,५३९ | १७,१२० | १६५ | ८८७ | १८,३३३ |
| ४ | गण्डकी प्रदेश | ७३ | ४४७ | ५,७४० | ६,१८७ | १९५ | ३६३ | ६,८१८ |
| ५ | लुम्बिनी प्रदेश | ६८ | ९५५ | ९,०४८ | १०,००३ | १०५ | ३३२ | १०,५०८ |
| ६ | कर्णाली प्रदेश | ५ | ४३ | १,४२५ | १,४६८ | ९८ | ६४ | १,६३५ |
| ७ | सुदूरपश्चिम प्रदेश | ५ | २२८ | २,८७३ | ३,१०१ | १९९ | ८२ | ३,३८७ |
| | जम्मा | ३५६ | ३५६ | ३५६ | ३५६ | ३५६ | ३५६ | ६०,१८५ |

### ९.२ उद्योग प्रतिष्ठानहरूमा संलग्न व्यक्तिहरूको संख्या (no. of persons engaged):

उद्योग प्रतिष्ठानहरूमा संलग्न व्यक्तिहरूको संख्या भन्नाले प्रतिष्ठानमा सकृय रूपले कार्यरत व्यवसायी तथा साझेदारहरू, वेतलबी पारिवारिक कामदारहरू र तलबी कामदारहरू पर्दछन्। सर्वेक्षणको नतिजाअनुसार औद्योगिक क्षेत्रका

चारओटै प्रकारका औद्योगिक प्रतिष्ठानहरूमा संलग्न रहेका व्यक्तिहरूको जम्मा संख्या ४,९१,२२७ रहेको छ। तीमध्ये खानी तथा उत्खनन् क्षेत्रमा ६,४८५ जना; औद्योगिक उत्पादन क्षेत्रमा ४,४४,९६४ जना; विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा क्षेत्रमा २१,५९३ जना र पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरूको क्षेत्रमा १८,१८५ जना व्यक्तिहरू संलग्न भएको देखिएको छ। प्रदेश तथा औद्योगिक वर्गीकरण अनुसार उद्योग प्रतिष्ठानहरूमा संलग्न व्यक्तिहरूको संख्याको विवरण तालिका नं. २ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २ प्रदेश तथा औद्योगिक वर्गीकरण अनुसार उद्योग प्रतिष्ठानहरूमा संलग्न व्यक्तिहरूको संख्या**

| क्र. सं. | प्रदेश | औद्योगिक वर्गीकरण अनुसार प्रतिष्ठानहरूमा संलग्न व्यक्तिहरूको संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | खानी तथा उत्खनन् | औद्योगिक उत्पादन | | | विद्युत् तथा ग्याँस | पानीको आपूर्ति; ढलनिकास, फोहर व्यवस्थापन | जम्मा |
| | | | ठूला | साना | जम्मा | | | |
| १ | प्रदेश नं. १ | ८०१ | ५६,९४१ | ३१,३२१ | ८८,२६२ | ४,७६० | २,१४१ | ९५,९६४ |
| २ | मधेश प्रदेश | २९९ | ६१,२२६ | १७,७३४ | ७८,९६० | ७६९ | ७४५ | ८०,७७३ |
| ३ | वागमती प्रदेश | ३,०९६ | ९१,८११ | ४९,६९२ | १४१,५०३ | ५,२६२ | ९,८८५ | १५९,७४६ |
| ४ | गण्डकी प्रदेश | १,०९२ | १५,४२३ | १७,८०४ | ३३,२२७ | ४,२८३ | २,०३० | ४०,६३२ |
| ५ | लुम्बिनी प्रदेश | १,०८५ | ५२,२३६ | २८,१०२ | ८०,३३८ | ३,१०३ | २,५४१ | ८७,०६७ |
| ६ | कर्णाली प्रदेश | ६० | ६५७ | ३,९१३ | ४,५७० | १,९०४ | ४६२ | ६,९९६ |
| ७ | सुदूरपश्चिम प्रदेश | ५२ | ९,८७६ | ८,२२८ | १८,१०४ | १,५१२ | ३८१ | २०,०४९ |
| | **जम्मा** | ६,४८५ | २८८,१७० | १५६,७९४ | ४४४,९६४ | २१,५९३ | १८,१८५ | ४९१,२२७ |

## ९.३ रोजगार व्यक्तिहरूको संख्या (no. of employees):

यस अन्तर्गत प्रतिष्ठानवाट नियमित रूपले तलब, ज्याला लिने गरी कार्यरत कर्मचारी तथा कामदारहरू पर्दछन् सर्वेक्षणको नतिजाअनुसार औद्योगिक क्षेत्रका चारओटै प्रकारका औद्योगिक प्रतिष्ठानहरूमा रहेका तलबी कामदारको जम्मा संख्या ३,८१,६८७ रहेको छ तीमध्ये खानी तथा उत्खनन् क्षेत्रमा ५,७१९ जना; औद्योगिक उत्पादन क्षेत्रमा ३,४६,१४३ जना; विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा क्षेत्रमा १७,२३८ जना र पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरूको क्षेत्रमा १२,५८७ जना देखिएको छ। प्रदेश तथा औद्योगिक वर्गीकरण अनुसार उद्योग प्रतिष्ठानहरूमा रोजगार व्यक्तिहरूको संख्या तालिका नं. ३ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३ प्रदेश तथा औद्योगिक वर्गीकरण अनुसार उद्योग प्रतिष्ठानहरूमा रोजगार व्यक्तिहरूको संख्या**

| क्र. सं. | प्रदेश | औद्योगिक वर्गीकरण अनुसार प्रतिष्ठानहरूमा रोजगार व्यक्तिहरूको संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | खानी तथा उत्खनन् | औद्योगिक उत्पादन | | | विद्युत् तथा ग्याँस | पानीको आपूर्ति; ढलनिकास, फोहर व्यवस्थापन | जम्मा |
| | | | ठूला | साना | जम्मा | | | |
| १ | प्रदेश नं. १ | ७५४ | ५४,५८६ | १३,३५८ | ६७,९४४ | ३,७७५ | १,४४५ | ७३,९१८ |
| २ | मधेश प्रदेश | २६८ | ५९,५९७ | ७,३६५ | ६६,९६२ | ७६२ | ४९६ | ६८,४८८ |
| ३ | वागमती प्रदेश | २,७२९ | ८७,४६० | २४,९५२ | ११२,४१२ | ४,४४६ | ७,१७५ | १२६,७६२ |
| ४ | गण्डकी प्रदेश | ९५० | १३,८१२ | ७,९२५ | २१,७३७ | २,७२८ | १,२४३ | २६,६५८ |
| ५ | लुम्बिनी प्रदेश | ९१९ | ४८,९६८ | १३,००९ | ६१,९७७ | २,६८४ | १,६१२ | ६७,१९२ |
| ६ | कर्णाली प्रदेश | ५५ | ५४८ | १,५९७ | २,१४५ | १,७७३ | ३९१ | ४,३६४ |
| ७ | सुदूरपश्चिम प्रदेश | ४४ | ९,३५४ | ३,६१२ | १२,९६६ | १,०७० | २२५ | १४,३०५ |
| | **जम्मा** | ५,७१९ | २७४,३२५ | ७१,८१८ | ३४६,१४३ | १७,२३८ | १२,५८७ | ३८१,६८७ |

**९.४ तलब/ज्याला तथा सुविधा (Salary/wages and facility):** तलब/ज्याला तथा सुविधा भन्नाले सन्दर्भ अवधिमा तलबी कामदारहरूको लागि औद्योगिक प्रतिष्ठानहरूले खर्च गरेको कुल रकम (नगद, जिन्सी र अन्य सुविधाहरू समेत) भन्ने बुझिन्छ सर्वेक्षणको नतिजाअनुसार सन्दर्भ अवधिमा औद्योगिक क्षेत्रका चारओटै औद्योगिक प्रतिष्ठानहरूमा कार्यरत तलबी कामदारहरूको लागि तलब/ज्याला र सुविधामा गरेको जम्मा खर्च करिब रु १ खर्ब ७ अर्ब ८९ करोड रहेको छ। सोमध्ये खानी तथा उत्खनन् क्षेत्रमा करिब १ अर्ब ८० करोड; औद्योगिक उत्पादन क्षेत्रमा करिब ९५ अर्ब ७७ करोड; विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा क्षेत्रमा करिब ६ अर्ब ९२ करोड र पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरूको क्षेत्रमा करिब ३ अर्ब ४० करोड रकम कामदारको तलब/ज्याला तथा सुविधामा खर्च भएको देखिएको छ।

प्रदेश तथा औद्योगिक वर्गीकरण अनुसार उद्योग प्रतिष्ठानहरूले तलबी कामदारहरूको लागि वार्षिक रूपमा तलब/ज्याला तथा सुविधामा गरेको खर्चको रकम तालिका नं. ४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४ प्रदेश तथा औद्योग प्रतिष्ठानहरूले कामदारहरूको लागि वार्षिक रूपमा तलब ज्याला तथा सुविधामा गरेको खर्च रकम (रू. हजारमा)**

| क्र. सं. | प्रदेश | औद्योगिक वर्गीकरण अनुसार प्रतिष्ठानहरूले तलब/ज्याला तथा सुविधामा गरेको खर्च रकम | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | खानी तथा उत्खनन् | औद्योगिक उत्पादन | | | विद्युत् तथा ग्याँस | पानीको आपूर्ति; ढल निकास, फोहर व्यवस्थापन | जम्मा |
| | | | ठूला | साना | जम्मा | | | |
| १ | प्रदेश नं. १ | २१२,५४७ | १६,१७८,७०२ | ३,०४२,६७८ | १९,२२१,३८० | १,१८७,०६२ | ४३०,०८० | २१,०५१,०६९ |
| २ | मधेश प्रदेश | १३२,७४९ | १४,६९७,२९६ | १,४२४,०३० | १६,१२१,३२६ | २४३,३२१ | २४८,३६३ | १६,७४५,७५९ |
| ३ | वागमती प्रदेश | ८०२,०९० | २७,९१३,९०५ | ६,२७३,५८८ | ३४,१८७,४९३ | २,१२२,८४३ | १,७०९,१४५ | ३८,८२१,५७१ |
| ४ | गण्डकी प्रदेश | २६४,९६४ | ३,३९६,३३२ | १,६८७,८७१ | ५,०८४,२०३ | २,१११,०७३ | ३४४,४७४ | ७,८०४,७१४ |
| ५ | लुम्बिनी प्रदेश | ३२६,२०३ | १४,५२३,७६९ | २,८३५,४७६ | १७,३५९,२४५ | ५९०,९३४ | ४४६,६८३ | १८,७२३,०६५ |
| ६ | कर्णाली प्रदेश | ३१,३८० | १४५,६४२ | ३९०,३९० | ५३६,०३२ | ४१२,९४० | १०२,१५७ | १,०८२,५०९ |
| ७ | सुदूरपश्चिम प्रदेश | ३१,३९९ | २,६१८,६२५ | ६४६,२७७ | ३,२६४,९०२ | २५२,५६० | ११५,०८५ | ३,६६३,९४६ |
| | जम्मा | १,८०१,३३२ | ७९,४७४,२७१ | १६,३००,३१० | ९५,७७४,५८१ | ६,९२०,७३३ | ३,३९५,९८७ | १०७,८९२,६३३ |

**९.५ लागत मूल्य, उत्पादन मूल्य, मूल्य अभिवृद्धि र लागत उत्पादन अनुपात (Value of input, output and value added and input output ratio):** सन्दर्भ वर्षमा औद्योगिक क्षेत्रका चारओटै औद्योगिक प्रतिष्ठानहरूले देश भरमा करिब ८ खर्व ४६ अर्ब ६६ करोड मूल्य बराबरको रकम लागत को रूपमा खर्च गरी करिब १२ खर्व १ अर्ब १७ करोड मूल्य बराबरको वस्तु तथा सेवा उत्पादन गरेको देखिन्छ यस हिसाबले यी चारओटै क्षेत्रका औद्योगिक प्रतिष्ठानहरूले नेपालको अर्थतन्त्रमा करिब ३ खर्व ५४ अर्ब ५१ करोड बराबरको मूल्य अभिवृद्धि (value added) गरेको देखिन्छ भने लागत उत्पादन अनुपात ०.७० रहेको पाइन्छ प्रदेश तथा औद्योगिक वर्गीकरणअनुसार उद्योग प्रतिष्ठानहरूको लागत मूल्य, उत्पादन मूल्य मूल्य अभिवृद्धि र लागत उत्पादन अनुपातको विवरण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५ प्रदेश तथा औद्योगिक वर्गीकरणअनुसार प्रतिष्ठानहरूको लागत मूल्य, उत्पादन मूल्य, मूल्य अभिवृद्धि र लागत उत्पादन अनुपात (रू. हजारमा)**

| क्र. सं. | प्रदेश | विवरण | औद्योगिक वर्गीकरण अनुसार प्रतिष्ठानहरूको लागत मूल्य, उत्पादन मूल्य, मूल्य अभिवृद्धि र लागत उत्पादन अनुपात | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | खानी तथा उत्खनन् | औद्योगिक उत्पादन | | | विद्युत् तथा ग्याँस | पानीको आपूर्ति; ढलनिकास, फोहर व्यवस्थापन | जम्मा |
| | | | | ठूला | साना | जम्मा | | | |
| १ | प्रदेश नं. १ | लागत | ६८१,६४७ | १३८,१२८,०५४ | २२,२५७,५३७ | १६०,३८५,५९१ | १२,५०१,५१० | ३,५९१,४३१ | १७७,१६०,१७९ |
| | | उत्पादन | २,८८९,७१९ | १९०,१५९,६९४ | ३१,१८३,५७८ | २२१,३४३,२७२ | १७,८३०,४७३ | ६,४९८,२८२ | २४८,५६१,७४६ |
| | | मूल्य अभिवृद्धि | २,२०८,०७२ | ५२,०३१,६४० | ८,९२६,०४१ | ६०,९५७,६८१ | ५,३२८,९६३ | २,९०६,८५१ | ७१,४०१,५६७ |
| | | लागत/उत्पादन अनुपात | ०.२४ | ०.७३ | ०.७१ | ०.७२ | ०.७० | ०.५५ | ०.७१ |

| क्र. सं. | प्रदेश | विवरण | औद्योगिक वर्गीकरण अनुसार प्रतिष्ठानहरूको लागत मूल्य, उत्पादन मूल्य, मूल्य अभिवृद्धि र लागत उत्पादन अनुपात | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | खानी तथा उत्खनन् | औद्योगिक उत्पादन | | | विद्युत् तथा ग्याँस | पानीको आपूर्ति; ढलनिकास, फोहर व्यवस्थापन | जम्मा |
| | | | | ठूला | साना | जम्मा | | | |
| २ | मधेश प्रदेश | लागत | ९२९,४४३ | १३८,०२०,७०३ | १०,६१८,२८७ | १४८,६३८,९९० | ५,२६०,२४७ | ४,८७०,४३२ | १५९,६९९,११२ |
| | | उत्पादन | ३,७९७,६०२ | १८१,२६८,८४४ | १४,९०६,६७२ | १९६,१७५,५१६ | ६,२०३,०२९ | ८,६९२,६०३ | २१४,८६८,७५० |
| | | मूल्य अभिवृद्धि | २,८६८,१५९ | ४३,२४८,१४१ | ४,२८८,३८५ | ४७,५३६,५२६ | ९४२,७८२ | ३,८२२,१७१ | ५५,१६९,६३८ |
| | | लागत/उत्पादन अनुपात | ०.२४ | ०.७६ | ०.७१ | ०.७६ | ०.८५ | ०.५६ | ०.७४ |
| ३ | वागमती प्रदेश | लागत | २,२८२,५०४ | १८९,४४६,६४८ | ५१,८९०,६४२ | २४१,३३७,२९० | २४,३६२,१५२ | ४,१४९,३१७ | २७२,१३१,२६३ |
| | | उत्पादन | ८,०२७,७८५ | २७२,६२२,२५२ | ७२,६३५,६८६ | ३४५,२५७,९३८ | ३४,१९१,८३३ | ७,८६६,०९९ | ३९५,३४३,६५५ |
| | | मूल्य अभिवृद्धि | ५,७४५,२८१ | ८३,१७५,६०४ | २०,७४५,०४४ | १०३,९२०,६४८ | ९,८२९,६८१ | ३,७१६,७८२ | १२३,२१२,३९२ |
| | | लागत/उत्पादन अनुपात | ०.२८ | ०.६९ | ०.७१ | ०.७० | ०.७१ | ०.५३ | ०.६९ |
| ४ | गण्डकी प्रदेश | लागत | ९०३,३९४ | ३०,८७८,७७४ | ११,२५८,३६६ | ४२,१३७,१४० | १९,४६२,२८२ | १,९६५,३२० | ६४,४६८,१३६ |
| | | उत्पादन | २,९९२,८२२ | ४१,०३९,२५४ | १५,६४०,७१० | ५६,६७९,९६४ | ३२,५४३,९९१ | ३,६७८,१८९ | ९५,८९४,९६६ |
| | | मूल्य अभिवृद्धि | २,०८९,४२८ | १०,१६०,४८० | ४,३८२,३४४ | १४,५४२,८२४ | १३,०८१,७०९ | १,७१२,८६९ | ३१,४२६,८३० |
| | | लागत/उत्पादन अनुपात | ०.३० | ०.७५ | ०.७२ | ०.७४ | ०.६० | ०.५३ | ०.६७ |
| ५ | लुम्बिनी प्रदेश | लागत | १,१९६,९३८ | १११,८५०,३६१ | १८,३८८,५०३ | १३०,२३८,८६४ | ५,५२०,१८७ | ४,२६१,५५८ | १४१,२१७,५४७ |
| | | उत्पादन | ४,३१८,४९२ | १५०,९५६,५७८ | २६,२११,४०५ | १७७,१६७,९८३ | ७,६८०,९३३ | ८,१०३,७३० | १९७,२७१,१३८ |
| | | मूल्य अभिवृद्धि | ३,१२१,५५४ | ३९,१०६,२१७ | ७,८२२,९०२ | ४६,९२९,११९ | २,१६०,७४६ | ३,८४२,१७२ | ५६,०५३,५९१ |
| | | लागत/उत्पादन अनुपात | ०.२८ | ०.७४ | ०.७० | ०.७४ | ०.७२ | ०.५३ | ०.७२ |
| ६ | कर्णाली प्रदेश | लागत | १८७,१३२ | ७११,१२२ | २,११७,८७९ | २,८२९,००१ | १,८९३,१३१ | १,६६३,४९९ | ६,५७२,७६३ |
| | | उत्पादन | १,०१९,४१९ | १,०३१,०४५ | २,९७१,२४३ | ४,००२,२८८ | २,७४७,७३८ | ३,००६,६१२ | १०,७७६,०५७ |
| | | मूल्य अभिवृद्धि | ८३२,२८७ | ३१९,९२३ | ८५३,३६४ | १,१७३,२८७ | ८५४,६०७ | १,३४३,११३ | ४,२०३,२९४ |
| | | लागत/उत्पादन अनुपात | ०.१८ | ०.६९ | ०.७१ | ०.७१ | ०.६९ | ०.५५ | ०.६१ |
| ७ | सुदूरपश्चिम प्रदेश | लागत | ३९५,४१५ | १६,६८८,७३१ | ३,३७३,८४० | २०,०६२,५७१ | ३,२७७,४०७ | १,६७४,५०३ | २५,४०९,८९६ |
| | | उत्पादन | १,७३५,०९२ | २३,९७६,६४८ | ४,७६९,६७७ | २८,७४६,३२५ | ४,७२१,२३९ | ३,२५१,७६१ | ३८,४५४,४१७ |
| | | मूल्य अभिवृद्धि | १,३३९,६७७ | ७,२८७,९१७ | १,३९५,८३७ | ८,६८३,७५४ | १,४४३,८३२ | १,५७७,२५८ | १३,०४४,५२१ |
| | | लागत/उत्पादन अनुपात | ०.२३ | ०.७० | ०.७१ | ०.७० | ०.६९ | ०.५१ | ०.६६ |
| | जम्मा | लागत | ६,५७६,४७३ | ६२५,७२४,३९३ | ११९,९०५,०५४ | ७४५,६२९,४४७ | ७२,२७६,९१६ | २२,१७६,०६० | ८४६,६५८,८९६ |
| | | उत्पादन | २४,७८०,९३१ | ८६१,०५४,३१५ | १६८,३१८,९७१ | १,०२९,३७३,२८६ | १०५,९१९,२३६ | ४१,०९७,२७६ | १,२०१,१७०,७२९ |
| | | मूल्य अभिवृद्धि | १८,२०४,४५८ | २३५,३२९,९२२ | ४८,४१३,९१७ | २८३,७४३,८३९ | ३३,६४२,३२० | १८,९२१,२१६ | ३५४,५११,८३३ |
| | | लागत/उत्पादन अनुपात | ०.२७ | ०.७३ | ०.७१ | ०.७२ | ०.६८ | ०.५४ | ०.७० |

**९.६ स्थायी सम्पत्ति (Value of fixed assets):** सन्दर्भ अवधिको अन्त्य सम्ममा औद्योगिक क्षेत्रका चारओटै औद्योगिक प्रतिष्ठानहरूमा करिब ६ खर्व १९ अर्ब ५१ करोड मूल्य बराबरको स्थायी सम्पत्ति रहेको देखिएको छ प्रदेश तथा औद्योगिक वर्गीकरणअनुसार उद्योग प्रतिष्ठानहरूको सन्दर्भ अवधिको अन्त्य सम्ममा रहेको स्थायी सम्पत्तिको विवरण तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ६ प्रदेश अनुसार उद्योग प्रतिष्ठानहरूको स्थायी सम्पत्तिको विवरण (रू. हजारमा)

| क्र. सं. | प्रदेश | औद्योगिक वर्गीकरणअनुसार प्रतिष्ठानहरूको स्थायी सम्पत्ती | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | खानी तथा उत्खनन् | औद्योगिक उत्पादन | | | विद्युत् तथा ग्याँस | पानीको आपूर्ति; ढलनिकास, फोहर व्यवस्थापन | जम्मा |
| | | | ठूला | साना | जम्मा | | | |
| १ | प्रदेश नं. १ | ८८६,२१८ | ७१,६५०,२१६ | १७,०३२,२९९ | ८८,६८२,५१५ | ४१,३६२,२८२ | २,५३३,१२० | १३३,४६४,१३५ |
| २ | मधेश प्रदेश | ५७,४२४ | ४५,८७१,६०७ | ९,८२६,०७८ | ५५,६९७,६८५ | १२,९५७,४२० | २७४,७२३ | ६८,९८७,२५२ |
| ३ | वागमती प्रदेश | ४,०४०,२०२ | ८०,६११,९९९ | ३६,७३५,६३६ | ११७,३४७,६३५ | ६४,४३५,३७८ | १०,३५०,९५५ | १९६,१७४,१७० |
| ४ | गण्डकी प्रदेश | १,११६,८८२ | १६,५१९,९०७ | १०,११५,७८१ | २६,६३५,६८८ | १७,१५६,५३५ | १,५५१,२३१ | ४६,४६०,३३६ |
| ५ | लुम्बिनी प्रदेश | २,५५६,६०६ | ६७,०८७,१२९ | २१,९०४,८९१ | ८८,९९२,०२० | २८,८०६,३८८ | २,११४,७४३ | १२२,४६९,७५७ |
| ६ | कर्णाली प्रदेश | ८८,५५३ | २३८,६९७ | १,३६७,१४८ | १,६०५,८४५ | २६,६३६,३२४ | ५७१,०३७ | २८,९०१,७५९ |
| ७ | सुदूरपश्चिम प्रदेश | ७७,९९३ | ४,३२०,०१४ | ४,२७५,८७५ | ८,५९५,८८९ | १४,१८२,१३० | १९७,२१७ | २३,०५३,२२९ |
| | जम्मा | ८,८२३,८७८ | २८६,२९९,५६९ | १०१,२५७,७०८ | ३८७,५५७,२७७ | २०५,५३६,४५७ | १७,५९३,०२६ | ६१९,५१०,६३८ |

**९.७ उत्पादन कार्य सञ्चालन दिन (Number of operating days):** सन्दर्भ अवधिमा औद्योगिक क्षेत्रका चारओटै औद्योगिक प्रतिष्ठानहरूमध्ये करिब ७६% उद्योग प्रतिष्ठानहरू २७० दिन वा सो भन्दा बढी दिन सञ्चालन भएको देखिएको छ । यसैगरी १९% उद्योग प्रतिष्ठानहरू १८०-२६९ दिन, ४% उद्योग प्रतिष्ठानहरू ९०-१७९ र बाँकी १% उद्योग प्रतिष्ठानहरू ९० भन्दा कम दिन सञ्चालन भएको देखिन्छ । प्रदेशअनुसार उद्योग प्रतिष्ठानहरूको उत्पादन कार्य सञ्चालनको अवस्था तालिका नं. ७ मा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ७ प्रदेश अनुसार उद्योग प्रतिष्ठानहरूको उत्पादन कार्य सञ्चालनको व्यवस्था (प्रतिशतमा)

| क्र. सं. | प्रदेश | उत्पादन कार्य सञ्चालन दिन (प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|
| | | ९० भन्दा कम दिन | ९०-१७९ दिन | १८०-२६९ दिन | २७० वा सो भन्दा बढी दिन |
| १ | प्रदेश नं. १ | १.३ | ५.६ | २४.३ | ६८.८ |
| २ | मधेश प्रदेश | ०.८ | ६.८ | २२.९ | ६९.५ |
| ३ | वागमती प्रदेश | ०.६ | ३.५ | २०.२ | ७५.७ |
| ४ | गण्डकी प्रदेश | ०.६ | २.८ | १८.१ | ७८.५ |
| ५ | लुम्बिनी प्रदेश | ०.५ | २.७ | १२.४ | ८४.४ |
| ६ | कर्णाली प्रदेश | १.५ | ६.५ | १५.० | ७७.० |
| ७ | सुदूरपश्चिम प्रदेश | ०.५ | ३.७ | १६.३ | ७९.५ |
| | जम्मा | १ | ४ | १९ | ७६ |

**९.८ उत्पादन क्षमताको उपयोग (Use of production capacity):** सन्दर्भ अवधिमा औद्योगिक क्षेत्रका चारओटै औद्योगिक प्रतिष्ठानहरू मध्ये ३९.९% उद्योग प्रतिष्ठानहरूले मात्र उत्पादन क्षमताको पूर्ण उपयोग गरेको देखिन्छ । यसै गरी १८.७% उद्योग प्रतिष्ठानहरूले उत्पादन क्षमताको ७५-९९ प्रतिशत, २९.१% उद्योग प्रतिष्ठानहरूले उत्पादन क्षमताको ५०-७४ प्रतिशत, १०.३% उद्योग प्रतिष्ठानहरूले उत्पादन क्षमताको २५-४९ प्रतिशत र बाँकीले २५ प्रतिशत भन्दा कम उपयोग गरेको देखिन्छ । यसरी पूर्ण क्षमतामा नचल्नुको कारण बजार वा मागको कमीका कारण (४६%), कच्चा पदार्थको अपार्यप्तताका कारण (१०%), स्रोतको कमीका कारण (८%), सीपमुलक कामदारको अभावका कारण (८%) आपख रहेका छन् । प्रदेश अनुसार उद्योग प्रतिष्ठानहरूले उपयोग गरेको उत्पादन क्षमता तालिका नं. ८ मा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ८ प्रदेशअनुसार उद्योग प्रतिष्ठानहरूले गरेको उत्पादन क्षमताको उपयोग (प्रतिशतमा)

| क्र. सं. | प्रदेश | उत्पादन क्षमताको उपयोग (प्रतिशत) | | | | |
|---|---|---|---|---|---|---|
| | | २५ प्रतिशत भन्दा कम | २५-४९ प्रतिशत | ५०-७४ प्रतिशत | ७५-९९ प्रतिशत | पूर्ण उपयोग गरेको |
| १ | प्रदेश नं. १ | ३.१ | १०.४ | २३.१ | १९.० | ४४.४ |
| २ | मधेश प्रदेश | १.७ | ६.२ | २५.२ | १२.६ | ५४.३ |
| ३ | वागमती प्रदेश | १.२ | १०.९ | ३२.० | १७.६ | ३८.३ |
| ४ | गण्डकी प्रदेश | ५.३ | ११.६ | ३३.४ | १७.८ | ३१.९ |
| ५ | लुम्बिनी प्रदेश | १.५ | ११.१ | २९.० | २१.८ | ३६.६ |
| ६ | कर्णाली प्रदेश | ३.४ | ७.३ | ३५.१ | १७.५ | ३६.७ |
| ७ | सुदूरपश्चिम प्रदेश | १.२ | १२.२ | ३२.२ | ३०.० | २४.४ |
| | जम्मा | २ | १०.३ | २९.१ | १८.७ | ३९.९ |

**९.९ साना उत्पादनशील उद्योग प्रतिष्ठानमा ऋणको अवस्था:** सन्दर्भ अवधिमा साना उत्पादनशील औद्योगिक प्रतिष्ठानहरू (१० जनाभन्दा कम व्यक्तिहरू संलग्न भएका) मध्ये करिब ३४% ले मात्र वित्तीय संस्थाहरूसँग ऋण लिएको देखिन्छ भने १% ले ऋणको प्रतिबद्धता प्राप्त गरेको देखिन्छ। यसै गरी ५% साना उद्योग प्रतिष्ठानहरू ऋण लिने प्रकृयामा रहेको देखिन्छ भने ६०% साना उद्योग प्रतिष्ठानहरूले ऋण नलिएको/नभएको र ऋण लिने प्रकृयामा पनि नभएको पाइएको छ।

### तालिका नं. ९ प्रदेशअनुसार साना उद्योग प्रतिष्ठानहरूले गरेको उत्पादन क्षमताको उपयोग (प्रतिशतमा)

| क्र. सं. | प्रदेश | ऋणको अवस्था (प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|
| | | ऋण लिएको | ऋणको प्रतिबद्धता प्राप्त गरेको | ऋण लिने प्रकृयामा रहेको | ऋण नलिएको/नभएको |
| १ | प्रदेश नं. १ | ३८.९ | १.३ | १.९ | ५७.९ |
| २ | मधेश प्रदेश | १८.१ | ०.५ | १३.३ | ६८.१ |
| ३ | वागमती प्रदेश | ३६.० | १.७ | ६.२ | ५६.२ |
| ४ | गण्डकी प्रदेश | ३१.९ | १.३ | ३.३ | ६३.५ |
| ५ | लुम्बिनी प्रदेश | ३४.४ | ०.८ | ३.० | ६१.८ |
| ६ | कर्णाली प्रदेश | ३७.४ | - | २.५ | ६०.१ |
| ७ | सुदूरपश्चिम प्रदेश | ४७.८ | - | ३.७ | ४८.५ |
| | नेपाल | ३४ | १ | ५ | ६० |

**९.१० लकडाउनको समयमा प्रतिष्ठानहरूको सञ्चालन अवस्था:** कोभिड-१९ को महामारीको समयमा सरकारले गरेको करिब ४ महिनाको लकडाउन अवधिमा नेपालमा सञ्चालनमा रहेका करिब ६३% उद्योग प्रतिष्ठानहरू पूर्णरूपमा बन्द भएको सर्वेक्षणले देखाएको छ। यसै गरी २४% उद्योग प्रतिष्ठानहरू आंशिकरूपमा सञ्चालनमा रहेको र बाँकी १३% उद्योग प्रतिष्ठानहरू पूर्णरूपमा सञ्चालनमा रहेको सर्वेक्षणले देखाएको छ।

**९.११ लकडाउनको समयमा कामदारहरूले भोगेका मुख्य समस्याहरू:** लकडाउनको समयमा नेपाल भरका उद्योग प्रतिष्ठानहरूमा कार्यरत करिब १७% कामदारहरूले बिना सुविधा स्थायीरूपमा आफूले गरिरहेको काम छोड्नु परेको सर्वेक्षणले देखाएको छ भने ६०% कामदारहरूले बिना तलब/सुविधा अस्थायीरूपमा कामबाट अलग हुनुपरेको देखिन्छ। त्यसै गरी ११% कामदारहरूको तलब/सुविधा आंशिकरूपमा कटौती भएको र बाँकी १२% कामदारले तलब/सुविधा निर्धारित समयभन्दा ढिला पाएको सर्वेक्षणले देखाएको छ।

**९.१२ प्रमुख औद्योगिक सूचकहरूको अवस्था: सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको आधारमा तयार गरिएका प्रमुख औद्योगिक सूचकहरूको अवस्था यसैसाथ संलग्न तालिका नं. १० मा उल्लेख गरिएको छ।**

## तालिका नं. १० : प्रदेशअनुसार प्रमुख औद्योगिक सूचकहरूको अवस्था

| क्र. सं. | औद्योगिक सूचकहरू | एकाई | प्रदेश नं. १ | मधेश प्रदेश | वागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | नेपाल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | उद्योग प्रतिष्ठानहरुको संख्या | संख्या | १२,२२५ | ७,२७९ | १८,३३३ | ६,८१८ | १०,५०८ | १,६३५ | ३,३८७ | ६०,१८५ |
| २ | उद्योग प्रतिष्ठानहरुमा संलग्न व्यक्तिहरुको संख्या | संख्या | ९५,९६४ | ८०,७७३ | १५९,७४७ | ४०,६३२ | ८७,०६७ | ६,९९६ | २०,०४९ | ४९१,२२८ |
| ३ | प्रति प्रतिष्ठान संलग्न व्यक्तिको औसत संख्या | संख्या | ७.८ | ११.१ | ८.७ | ६.० | ८.३ | ४.३ | ५.९ | ८.२ |
| ४ | उद्योग प्रतिष्ठानहरुमा रोजगार व्यक्तिहरुको संख्या | संख्या | ७३,९१८ | ६८,४८८ | १२६,७६१ | २६,६५८ | ६७,१९२ | ४,३६४ | १४,३०५ | ३८१,६८६ |
| ५ | प्रति प्रतिष्ठान रोजगार व्यक्तिको औसत संख्या | संख्या | ६.० | ९.४ | ६.९ | ३.९ | ६.४ | २.७ | ४.२ | ६.३ |
| ६ | वार्षिक उत्पादन मूल्य | रु. हजार | २४८,५६१,७४६ | २१४,८६८,७५० | ३९५,३४३,६५५ | ९५,८९४,९६६ | १९७,२७१,१३८ | १०,७७६,०५७ | ३८,४५४,४१७ | १,२०१,१७०,७२९ |
| ७ | वार्षिक लागत मूल्य | रु. हजार | १७७,१६०,१७९ | १५९,६९९,११२ | २७२,१३१,२६३ | ६४,४६८,१३६ | १४१,२१७,५४७ | ६,५७२,७६३ | २५,४०९,८९६ | ८४६,६५८,८९६ |
| ८ | वार्षिक मूल्य अभिवृद्धि | रु. हजार | ७१,४०१,५६७ | ५५,१६९,६३८ | १२३,२१२,३९२ | ३१,४२६,८३० | ५६,०५३,५९१ | ४,२०३,२९४ | १३,०४४,५२१ | ३५४,५११,८३३ |
| ९ | सन्दर्भ अवधिमा थप भएको स्थायी सम्पत्ती | रु. हजार | १२,५१५,५२५ | ८,१०९,२४२ | २५,७३१,८०० | ५,१६७,९१० | ९,०४२,९५१ | ५,९४७,११२ | २,३४८,६१७ | ६८,८६३,१५७ |
| १० | सन्दर्भ अवधिको अन्त्यमा रहेको स्थायी सम्पत्ती | रु. हजार | १३३,४६४,१३५ | ६८,९८७,२५२ | १९६,१७४,१७० | ४६,४६०,३३६ | १२२,४६९,७५७ | २८,९०१,७५९ | २३,०५३,२२९ | ६१९,५१०,६३८ |
| ११ | प्रति संलग्न व्यक्ति औसत वार्षिक उत्पादन मूल्य | रु. हजार | २,५९०.२ | २,६६०.२ | २,४७४.८ | २,३६०.१ | २,२६५.७ | १,५४०.३ | १,९१८.० | २,४४५.२ |
| १२ | उत्पादन लागत अनुपात | अनुपात | १.४० | १.३५ | १.४५ | १.४९ | १.४० | १.६४ | १.५१ | १.४२ |
| १३ | लागत उत्पादन अनुपात | अनुपात | ०.७१ | ०.७४ | ०.६९ | ०.६७ | ०.७२ | ०.६१ | ०.६६ | ०.७० |
| १४ | प्रति संलग्न व्यक्ति औसत वार्षिक मूल्य अभिवृद्धि | रु. हजार | ७४४ | ६८३ | ७७१ | ७७३ | ६४४ | ६०१ | ६५१ | ७२२ |
| १५ | तलब/ज्याला र सुविधामा गरेको जम्मा खर्च | रु. हजार | २१,०५१,०६९ | १६,७४५,७५९ | ३८,८२१,५७१ | ७,८०४,७१४ | १८,७२३,०६५ | १,०८२,५०९ | ३,६६३,९४६ | १०७,८९२,६३३ |
| १६ | प्रति व्यक्ति प्रति महिना तलब ज्याला तथा सुविधामा भएको औसत खर्च | रु. हजार | २३.७३ | २०.३८ | २५.५२ | २४.४० | २३.२२ | २०.६७ | २१.३४ | २३.५६ |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
थापाथली काठमाडौँ, फोन नं: ४२२९४०६, ४२४५९४७, ४२४५९४८
URL : www.cbs.gov.np ईमेल: info@cbs.gov.np